# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम, नेपाल

### प्रदेश निजामती सेवाका वन सेवा तर्फ सहायकस्तर तेश्रो तह वन रक्षक पदको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं: ११०/२०८२-०८३ प्रकाशन मितिः २०८२/१०/२९ गते बिहिवार

प्रदेश निजामती सेवा तर्फ वन सेवा, जनरल फरेष्ट्री समूहका सहायकस्तर तेश्रो तह वन रक्षक पदको प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएका न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ।

| क्र. सं. | विज्ञापन नम्बर | सेवा, समूह | खुला तथा समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १६४/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | खुला | | २० | २० (बीस) |
| २ | १६५/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | मधेशी महिला | | ५ | ५ (पाँच) |
| ३ | १६६/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | मधेशी | | ५ | ५ (पाँच) |
| ४ | १६७/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | दलित महिला | | २ | २ (दुई) |
| ५ | १६८/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | दलित | | २ | २ (दुई) |
| ६ | १६९/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | मुस्लिम महिला | २ | १ | ३ (तीन) |
| ७ | १७०/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | मुस्लिम | | १ | १ (एक) |
| ८ | १७१/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | आदिवासी/ जनजाति महिला | | १ | १ (एक) |
| ९ | १७२/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | आदिवासी/ जनजाति | | १ | १ (एक) |
| १० | १७३/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | थारु | | १ | १ (एक) |
| ११ | १७४/२०८२-०८३ | वन, जनरल फरेष्ट्री | आर्थिक रुपले विपन्न खसआर्य | | १ | १ (एक) |
| **कुल जम्मा** | | | | | | ४२ (बयालिस) |

**परीक्षाको किसिमः** १. प्रयोगात्मक परीक्षा: शारीरिक तन्दुरुस्ति परीक्षण
(क) शारीरिक परीक्षण (ख) तन्दुरुस्ति परीक्षा
२. लिखित परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा मितिः** प्रथम चरणः आयोगले पछि सूचना प्रकाशन गरे बमोजिम हुनेछ ।
द्वितीय चरणः (लिखित परीक्षा) प्रथम चरणको नतिजामा, नतिजा प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तोकिने गरि सूचना प्रकाशन गरिनेछ।

**परीक्षा केन्द्रः** आयोगले पछि सूचना प्रकाशन गरे बमोजिम हुनेछ।

**दरखास्त दस्तुरः** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. २००/- (दुई सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु.१००/- (एक सय ) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/११/२० र दोब्बर दस्तुर तिरी २०८१/११/२७ सम्म।

**उम्मेदवारको उमेरको हदः** २०८१/११/२० सम्म १८ वर्ष उमेर पुरा भै ४० वर्ष ननाघेको। बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिनेछ।

Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८१/११/२७ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

***कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनःथप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी ।

**तलबः** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः** वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश ।

**आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यता:**

१) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

२) वन सेवा, जनरल फरेष्ट्री समूह, वन रक्षक पद: मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको ।

**(क) शारीरिक परीक्षण (शारीरिक परीक्षणको लागि देहायको मापदण्ड पूरा भएको हुनु पर्नेछ)**

| क्र.सं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उँचाइ | ५ फिट २ इन्च (५' २") | ५ फिट (५' ०") |
| २ | छाती | ३१-३३ इन्च (३१"-३३") | --- |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

नोटः शारीरिक परीक्षणमा माथि उल्लेखित मापदण्ड पुग्ने उम्मेदवारहरु मात्र दरखास्तका लागि योग्य हुनेछन्। तोकिएको मापदण्ड पुरा नभइ दरखास्त पेश गरेमा उम्मेदवार स्वयम् जवाफदेही हुनुपर्नेछ।

**(ख) तन्दुरुस्ती परीक्षा**

| क्र.सं. | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | २०० मिटर दौड | २० |
| २ | ३००० मिटर दौड | २० |
| ३ | रुख चढ्ने | ५ |
| ४ | पौडी | ५ |

नोटः माथि उल्लेखित इभेन्टहरु क्रमशः सञ्चालन गरिनेछ, अघिल्लो इभेन्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेन्टमा सहभागी हुन पाउने छैनन्।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरुः

(क) मधेसीको हकमाः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) मुस्लिमको हकमाः राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात।

(घ) आदिवासी /जनजातिको हकमाः नेपाल आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ङ) थारुको हकमाः राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट थारु भनी प्रमाणित गराएको कागजात।

(च) आर्थिक रुपले विपन्न खसआर्य समूदायको हकमाः गरीब परिचयपत्र वा स्थानीय तहको सिफारिश दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**द्रष्टव्यः**

१. उम्मेदवारले दरखास्त पेश गर्दा "म शारीरिक रुपमा तन्दुरुस्त छु" भनी अनलाईन दरखास्त प्रणालीमा रहेको चेक बक्समा ठीक चिन्ह (✓) लगाई सो बमोजिमको न्यूनतम योग्यता पुरा गरेको स्वघोषणा गर्नुपर्नेछ।
२. प्रथम चरणको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाहरु आवश्यक साधन स्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।
३. खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त दिने उम्मेदवारलाई एक पटक मात्र शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ।
४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
५. आयोगद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
६. शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा आउँदा प्रवेश पत्र र नागरिकता सक्कल प्रमाणपत्र साथै लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यता, नागरिकता सक्कल प्रमाणपत्र तथा प्रतिलिपी अनिवार्यरुपमा पेश गर्नुपर्नेछ।
७. प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा परीक्षाहरु हुनेछन्। प्रथम चरण (शारीरिक परीक्षण र तन्दुरुस्ती परीक्षा) मा उर्तीण गरेका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (लिखित परीक्षा) मा सामेल गरिनेछ।द्वितीय चरणमा उर्तीण भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरण (अन्तर्वार्ता कार्यक्रम) मा सहभागी गराइने छ।
८. द्वितीय चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
९. लिखित परीक्षामा सम्मिलित हुने उम्मेदवारहरुले उत्तरपुस्तिकामा कालो मसि मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
१०. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
११. समावेशी समूहको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् ।
१२. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
१३. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।
१४. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।
१५. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।
१६. उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।
१७. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत अस्वीकृत सम्बन्धी/ विवरण सिधै मोबाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।
१८. विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई छनौट गर्नु पर्नेछ।
१९. पाठ्यक्रम आयोगको बेवसाइट ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिने छ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा ११ बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ ।**

# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम, नेपाल

### स्थानीय सेवा अन्तर्गत विभिन्न सेवा समूह (अप्राविधिक/प्राविधिक) तर्फ सहायकस्तर चौथो तहका पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सूचना

सूचना नं. १११/२०८२-८३ प्रकाशन मितिः २०८२/१०/२९ गते बिहिवार

स्थानीय सेवा विभिन्न सेवा, समूह, उपसमूह (अप्राविधिक/प्राविधिक) तर्फ सहायकस्तर चौथो तहका पदहरुको रितपूर्वक प्राप्त कुल जम्मा रिक्त पद संख्या ५४६ मध्ये बढुवाद्वारा पदपूर्ति गर्न वि.सं. २०७६ मा लोक सेवा आयोगबाट संचित ३८ पद र यस आ.व. को पदसंख्या १०१ गरि कुल जम्मा १३९ पदको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यता सम्बन्धमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ मा समावेश नभएसम्मको लागि सुरक्षित राखिएको व्यहोरा आयोगको मिति २०८२/१०/२८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### स्थानीय सेवा अन्तर्गत निम्न सेवा समूह (अप्राविधिक/प्राविधिक) तर्फ सहायकस्तर चौथो तहका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. ११२/२०८२-०८३ प्रकाशन मितिः २०८२/१०/२९ गते बिहिवार

स्थानीय सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह (अप्राविधिक/प्राविधिक) तर्फ सहायकस्तर चौथो तहका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**सहायकस्तर चौथो तह (अप्राविधिक/प्राविधिक):**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह, पद | खुला र समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **अ) अप्राविधिक सहायकस्तर चौथो तह** | | | | | | |
| १ | ६४३/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | खुला | | ५८ | ५८ (अन्ठाउन्न) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | ८ | ८ (आठ) |
| | | **जम्मा** | | | **६६** | **६६ ( छैसठ्ठी)** |
| २ | ६४४/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | मधेशी महिला | | १५ | १५ (पन्ध्र) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | २ | २ (दुई) |
| | | **जम्मा** | | | **१७** | **१७ (सत्र)** |
| ३ | ६४५/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | मधेशी | | १५ | १५ (पन्ध्र) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | २ | २ (दुई) |
| | | **जम्मा** | | | **१७** | **१७ (सत्र)** |
| ४ | ६४६/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | दलित महिला | | ५ | ५ (पाँच) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **६** | **६ (छ)** |
| ५ | ६४७/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | दलित | | ४ | ४ (चार) |
| ६ | ६४८/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | मुस्लिम महिला | | ४ | ४ (चार) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **५** | **५ (पाँच)** |
| ७ | ६४९/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | मुस्लिम | | ३ | ३ (तीन) |
| ८ | ६५०/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | आ.ज. महिला | | २ | २ (दुई) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **३** | **३ (तीन)** |
| ९ | ६५१/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | आ.ज. | | १ | १ (एक) |
| १० | ६५२/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | थारु महिला | | २ | २ (दुई) |
| | | स्थानीय प्रशासन, लेखा, सह लेखापाल | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **३** | **३ (तीन)** |
| ११ | ६५३/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | थारु | | १ | १ (एक) |
| १२ | ६५४/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | आ.रु.वि.खस आर्य महिला | | १ | १ (एक) |
| १३ | ६५५/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | आ.रु.वि.खस आर्य | | १ | १ (एक) |
| १४ | ६५६/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन, खरिदार | अपाङ्ग महिला | | १ | १ (एक) |
| **आ) प्राविधिक सहायकस्तर चौथो तह** | | | | | | |
| १ | ६५७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर, | खुला | | ६६ | ६६ (छैसठ्ठी) |
| २ | ६५८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | मधेशी महिला | | १७ | १७ (सत्र) |
| ३ | ६५९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | मधेशी | | १७ | १७ (सत्र) |
| ४ | ६६०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | दलित महिला | | ६ | ६ (छ) |
| ५ | ६६१/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | दलित | | ५ | ५ (पाँच) |
| ६ | ६६२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | मुस्लिम महिला | | ४ | ४(चार) |
| ७ | ६६३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | मुस्लिम | | ४ | ४ (चार) |
| ८ | ६६४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | आ.ज. महिला | | २ | २ (दुई) |
| ९ | ६६५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | आ.ज. | | २ | २ (दुई) |
| १० | ६६६/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | थारु महिला | | २ | २ (दुई) |
| ११ | ६६७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | थारु | | १ | १ (दुई) |
| १२ | ६६८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | आ.रु.वि.खस आर्य महिला | | २ | २ (दुई) |
| १३ | ६६९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | आ.रु.वि.खस आर्य | | १ | १ (एक) |
| १४ | ६७०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, असिस्टेन्ट सब इन्जिनियर | अपाङ्ग महिला | | १ | १ (एक) |
| १५ | ६७१/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी, खा.पा.स.टे. | खुला | | ३ | ३ (तीन) |
| १६ | ६७२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी, खा.पा.स.टे. | मधेशी महिला | | १ | १ (एक) |
| १७ | ६७३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी, खा.पा.स.टे. | दलित महिला | | १ | १ (एक) |
| १८ | ६७४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | खुला | | २४ | २४ (चौबिस) |
| १९ | ६७५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | मधेशी महिला | | ६ | ६ (छ) |
| २० | ६७६/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | मधेशी | | ६ | ६ (छ) |
| २१ | ६७७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | दलित महिला | | २ | २ (दुई) |
| २२ | ६७८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | दलित | | २ | २ (दुई) |

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह, पद | खुला र समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| २३ | ६७९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | मुस्लिम महिला | | २ | २ (दुई) |
| २४ | ६८०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | मुस्लिम | | १ | १ (एक) |
| २५ | ६८१/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | आ.ज. महिला | | १ | १ (एक) |
| २६ | ६८२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | थारु महिला | | १ | १ (एक) |
| २७ | ६८३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | आ.रु.वि.खस आर्य महिला | | १ | १ (एक) |
| २८ | ६८४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सर्भे, अमिन | अपाङ्ग महिला | | १ | १ (एक) |
| २९ | ६८५/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | खुला | | ६ | ६ (छ) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | ७ | ७ (सात) |
| | | **जम्मा** | | | **१३** | **१३ (तह्र)** |
| ३० | ६८६/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | मधेशी महिला | | २ | २ (दुई) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | २ | २ (दुई) |
| | | **जम्मा** | | | **४** | **४ (चार)** |
| ३१ | ६८७/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | मधेशी | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ३२ | ६८८/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | दलित महिला | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ३३ | ६८९/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | मुस्लिम महिला | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ३४ | ६९०/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे., ना.प.से.प्रा. | आ.ज. महिला | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी, ना.प.स्वा.प्रा. | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ३५ | ६९१/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | खुला | | २८ | २८ (अठ्ठाईस) |
| ३६ | ६९२/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | मधेशी महिला | | ७ | ७ (सात) |
| ३७ | ६९३/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | मधेशी | | ७ | ७ (सात) |
| ३८ | ६९४/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | दलित महिला | | २ | २ (दुई) |
| ३९ | ६९५/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | दलित | | २ | २ (दुई) |
| ४० | ६९६/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | मुस्लिम महिला | | २ | २ (दुई) |
| ४१ | ६९७/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | मुस्लिम | | १ | १ (एक) |
| ४२ | ६९८/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | आ.ज. महिला | | १ | १ (एक) |
| ४३ | ६९९/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | आ.ज. | | १ | १ (एक) |
| ४४ | ७००/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | थारु महिला | | १ | १ (एक) |
| ४५ | ७०१/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | आ.रु.वि.खस आर्य महिला | | १ | १ (एक) |
| ४६ | ७०२/२०८२-८३ | स्थानीय स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग, अ.न.मी. | अपाङ्ग महिला | | १ | १ (एक) |
| ४७ | ७०३/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | खुला | | ९ | ९ (नौ) |
| ४८ | ७०४/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | मधेशी महिला | | २ | २ (दुई) |
| ४९ | ७०५/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | मधेशी | | २ | २ (दुई) |
| ५० | ७०६/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | दलित महिला | | १ | १ (एक) |
| ५१ | ७०७/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | मुस्लिम महिला | | १ | १ (एक) |
| ५२ | ७०८/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | आ.ज. महिला | | १ | १ (एक) |
| ५३ | ७०९/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन, अ.हे.व. | थारु महिला | | १ | १ (एक) |

(बाँकी पृष्ठ १० मा)

# सबैतिर चुनावी चर्चा

**धनगढी समाचारदाता**
*धनगढी, माघ २८ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचनको सरगर्मी बढ्दै गएको बेला मतदाताले पनि चुनावी चर्चा गर्न थालेका छन्। चिया पसल, चौतारालगायतमा जमघट भएर उनीहरूले चुनावी चर्चा गर्न थालेका हुन्। चियाको चुस्कीसँगै मतदाताबाट जितहारको आकलन मात्रै सुरु भएको छैन, राजनीतिक दलले विगतमा गरेका वाचा पनि उनीहरूले सम्झन थालेका छन्।

सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानीसमेत रहेको कैलाली निर्वाचन क्षेत्र नम्बर ५ जुनसुकै चुनावको बेला चर्चामा रहँदै आएको छ। यस पटक सबै दलले नयाँ अनुहारका उम्मेदवार बनाएपछि चिया पसल, होटेलमा जघमघट हुने मतदाताबिच कसले जित्न सक्ने भनेर अड्कलबाजी हुन थालेको छ। धनगढी उपमहानगरपालिका–८ स्थित धनगढी गाउँको चिया पसलमा भेटिएका भवानीदत्त भट्टले दलहरूले विगतमा गरेका प्रतिबद्धता कतिपय पूरा भए पनि जनताको अपेक्षा अनुसार काम नभएको बताउनुभयो। उहाँले यो क्षेत्रमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी र स्वतन्त्र उम्मेदवार प्यारेलाल रानाबिच मुख्य प्रतिस्पर्धा हुने उल्लेख गर्नुभयो। रानाथारू समुदायका मतदाता निर्णायक रहेको क्षेत्र नम्बर ५ मा राना बलियो प्रतिस्पर्धी रहेको उहाँको ठम्याइ छ।

"जित्ने नजित्ने पछिको कुरा हो तर स्वतन्त्र उम्मेदवार राना पनि बलियो उम्मेदवार हुनुहुन्छ," उहाँले भन्नुभयो, "मलाई लाग्छ, उहाँसहित चार दलबिच मुख्य प्रतिस्पर्धा हुन्छ।" नेपाली कांग्रेसबाट नरनारायण शाह मनु, एमालेबाट यज्ञराज ढुङ्गाना, नेपाली कम्युनिस्ट पार्टीबाट प्रेमबहादुर आले र रास्वपाबाट आनन्दबहादुर चन्द उम्मेदवार हुनुहुन्छ। सबै उम्मेदवार जनतामा भिजेका, बलियो देखिएकाले कसले बाजी मार्ने भन्ने सवालमा अहिले केही पनि भन्न सकिने अवस्था नरहेको चिया पसलमै भेटिएका सन्तराम रानाले बताउनुभयो तर स्थानीय नेतासमेत रहेका शिवराज रानाको अनुमान भने कांग्रेसका शाह र स्वतन्त्र उम्मेदवार रानाबिच कुनै समुदाय विशेषको मत भागबन्डा भएमा फाइदा एमालेका ढुङ्गाना र नेकपाका आलेलाई पुग्ने रहेको छ।

### बढ्दै आर्थिक गतिविधि

आसन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनले आर्थिक गतिविधि बढाएको छ। चुनावका कारण चिया पसलदेखि छपाइ प्रिन्टिङ पसल, आयल स्टोर, होटेललगायतमा आर्थिक गतिविधि बढेको हो। चियाको चुस्की लिँदै चुनावी छलफलदेखि लिएर होटेलमा खाजा, खाना खाने बढेका छन्। यसै गरी उम्मेदवार र दलका कार्यकर्ता चुनावी प्रचारप्रसारमा जुटेपछि इन्धनको उपभोग बढेको छ।

आसन्न चुनावले व्यापार व्यवसायमा सकारात्मक प्रभाव पारिरहेको कैलाली उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्कर ओझाले बताउनुभयो। उहाँले विभिन्न परिस्थिति, आन्दोलनका कारण शिथिल बनेको व्यापार, व्यवसाय यो चुनावका बेला गतिशील बनेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "यसले समग्र अर्थतन्त्र चलायमान बनेको छ। अहिले व्यापार, व्यवसाय बढिरहेका छन्।"

चुनावी सरगर्मीले धेरै हदसम्म व्यापार व्यवसाय बढाएको अध्यक्ष ओझाको भनाइ छ। धनगढीमा होटेल व्यवसाय गरिरहेका दहिटान घरका सञ्चालक वीरेन्द्र चौधरीले पनि यो बेला व्यापार बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "चुनाव वा के कारणले हो त्यो त थाहा भएन तर अहिले व्यापार बढेको छ।" चुनावका बेला राजनीतिक दल र विशेष गरेर उम्मेदवारले खर्च गर्ने गरेको जनाइएको छ।

# नेपाली सेनाको गस्ती

**पञ्चकोशी समाचारदाता**
*पञ्चकोशी (दैलेख), माघ २८ गते*

दैलेखमा आगामी फागुन २१ का लागि घोषित प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षाका लागि नेपाली सेना परिचालन गरिएको छ। निर्वाचनलाई लक्षित गरी सुरक्षा योजना अनुसार नेपाली सेनाले यहाँका सडक तथा बजारमा गस्ती बढाएको हो।

जिल्लामा निर्वाचनलाई स्वस्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण बनाउन नेपाल सरकारले दिएको निर्देशनबमोजिम सेना परिचालन गरिएको कालीदत्त गुल्म, काँडाचौर ब्यारेक दैलेखका सेनानी सबलजङ्ग शाहले बताउनुभयो। उहाँले निर्वाचनलक्षित गरेर जिल्लामा दुल्लु, ठाँटीकाँध, काँडाचौर गरी तीन ठाउँमा छुट्टाछुट्टै बेस स्थापना गरी सुरक्षा निकाय परिचालन गरिएको जानकारी दिनुभयो। उहाँले दैलेखका दुई वटै निर्वाचन क्षेत्रका लागि फागुन ६ देखि जिल्लाका ११ वटा निर्वाचन सुरक्षा गुल्म स्थापना गरेर सेना परिचालन गरिने जानकारी दिनुभयो। एकीकृत सुरक्षा योजना अन्तर्गत नेपाली सेना तेस्रो सुरक्षा घेरामा रहने छ।

निरीक्षण अनगुमनका क्रममा मतदान स्थलमा हुने सुरक्षा चुनौतीको वास्तविक अवस्था र सुरक्षाको मजबुत प्रबन्ध मिलाएर शान्तिपूर्ण र भयरहित वातावरणमा चुनाव सम्पन्न गराउने योजनासहित खटिएको सेनानी शाहको भनाइ छ। त्यस्तै निर्वाचन बिथोल्ने, बुथ कब्जा गर्नेलगायतका गतिविधि रोक्न आवश्यक सुरक्षा रणनीति अपनाइएको दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी कैलाशबहादुर ठकुराठीले बताउनुभयो। जिल्लामा शान्तिसुरक्षा सुदृढ बनाउन विशेष सुरक्षा योजना लागु गरिएको उहाँको भनाइ छ।

दैलेख जिल्लामा विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २१ जना उम्मेदवार चुनावी मैदानमा रहेको जिल्ला निर्वाचन अधिकृतको कार्यालय दैलेखले जनाएको छ। दैलेखबाट एक लाख ६१ हजार २०४ जना मतदाता कायम भएको जिल्ला निर्वाचन अधिकारी नरबहादुर सलामीले बताउनुभयो। उहाँले आगामी निर्वाचनका लागि अन्तिम नामावली अनुसार दैलेखमा ८१ हजार ९९ पुरुष र ८० हजार १०५ महिला मतदाता समावेश भएको बताउनुभयो। आगामी फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनका लागि दैलेख जिल्लाभर १३९ मतदान स्थल र २०८ मतदान केन्द्र कायम भएका छन्।

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
## बढुवा समितिको सचिवालयको सूचना

लोक सेवा आयोगको देहायका बढुवा सूचना नं. सेवा, समूह, उपसमूहको अधिकृत नवौं तहको पदमा बढुवा समितिको मिति २०८२/१०/२८ को निर्णय अनुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकाले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७६ र ७७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. बढुवा सूचना नं :- ९६/०८२-८३**
**सेवा, समूह, उपसमूह :- नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, कार्डियोलोजी उपसमूह**
**तह :- अधिकृत नवौं  पद :- कन्सल्टेण्ट कार्डियोलोजिष्ट  पद संख्या :- १**

| योग्यताक्रम नं | संकेत नं | उम्मेदवारको नाम, थर | कुल प्राप्तांक |
|---|---|---|---|
| १. | २०४६८० | डा.सञ्जय श्रेष्ठ | ७२.२८०८ |

**२. बढुवा सूचना न :-** ९४/०८२-८३ नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, नेफ्रोलोजी उपसमूह, अधिकृत नवौं तह कन्सल्टेण्ट नेफ्रोलोजिष्ट पदमा दरखास्त नपरेको।

---

**विनयतारा क्यान्सर टष्ट्र (मुनाफा वितरण नगर्ने कम्पनी)**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**
को
## जग्गा खरिद सम्वन्धि ३० दिने शिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२९

यस कम्पनीको संचालक समितिको मिति २०८२/०३/१७ को निर्णय वमोजिम कम्पनीको उद्धेश्य अनुरुपको कार्य संचालन प्रयोजनार्थ तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको जग्गा खरिद गर्न आवश्यक भएकोले जग्गा बिक्रि गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनीबाट तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही बिक्रि प्रस्ताव विनयतारा क्यान्सर ट्रष्ट (मुनाफा वितरण नगर्ने कम्पनी) कम्पनीको कार्यालय धनुषा जिल्ला, जनकपुरधाम उप.म.न.पा.वडा नं.२५ लोहनामा मिति २०८२/११/२९ गते अपरान्ह ४:०० बजे भित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| स्थान | जग्गाको क्षेत्रफल |
|---|---|
| धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं.२५ लोहनामा ट्रष्ट संलग्न रहेको प्रस्तावित २०० शय्या "विनयतारा क्यान्सर अस्पताल" निर्माण क्षेत्र देखि बढिमा १ किमि भित्र उप.म.न.पा. को वडा नं. २५ क्षेत्रमा। | दुई बिगाहा देखि करिव तीन बिगाह सम्म |

१) जग्गा बिक्रि गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी संस्थाबाट यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र बिक्रि प्रस्ताव पेश गर्नुपर्नेछ। बिक्रि प्रस्ताव पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट पेश गर्ने अन्तिम दिन वा खोलिने दिन मानिनेछ। सो प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट बिहान ११:०० वजे कम्पनीको रजिष्टर्ड कार्यालयमा उपस्थित वोलपत्र दाता वा नीजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।
२) प्रस्तावित जग्गा करिव २२ फिटे बाटोसँग जोडिएको हुनुपर्नेछ।
३) बिक्रि गर्ने जग्गाको प्रति कठ्ठा मूल्य स्पष्ट खुल्ने गरि अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। कारणवस फरक परे अक्षरलाई मान्यता दिईनेछ।
४) उक्त जग्गाको कित्ता नंम्वर स्पष्ट देखिने ब्लुप्रिन्ट नक्शा वा नापी कार्यालयवाट प्रमाणित नक्शा अनिवार्य रुपमा समावेश गरिएको हुनुपर्नेछ।
५) जग्गाको स्थान खुल्ने नक्शा र सो नक्शामा जग्गाको सिमाना चिन्ह लगाई पेश गर्नुपर्नेछ।
६) प्रस्तावित जग्गाको वास्तविक जग्गाधनीको आवेदन वा आवेदन दिन अख्तियारीनामा कागजात जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, चालू आ.ब.को तिरो तिरेको रसिदको प्रतिलिपी संलग्न हुनुपर्नेछ।
७) जग्गाधनी दर्ता प्रमाणपत्रमा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा मापन गर्दा उल्लेख भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोही क्षेत्रफल कायम गरिनेछ।
८) संस्थागत जग्गाको हकमा जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी र अख्तियार प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नुपर्नेछ।
९) प्रस्ताव पेश गर्दा खाममा विनयतारा क्यान्सर टष्ट्र (मुनाफा वितरण नगर्ने कम्पनी) का लागि जग्गा बिक्रि प्रस्ताव उल्लेख गरी कुन स्थानको हो सो समेत खाममा खुलाएर लाहाछाप लगाई तोकिएको म्याद भित्र तल दिइएको ठेगानामा दर्ता गराउनु पर्नेछ।
१०) प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्धा मामिला नरहेको हुनु पर्नेछ र सोको स्वःघोषणा पेश गर्नुपर्नेछ।
११) प्रस्तावित जग्गा खरिदको प्रक्रिया अगाडि बढाउने नबढाउने, खरिद गर्ने नगर्ने वा बोलपत्र रद्ध गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ।
१२) प्रस्तावित जग्गा मोहि नलागेको रैकर जग्गा हुनुपर्नेछ।
१३) प्रस्ताव सम्वन्धमा थप केहि बुझ्नु परे ट्रष्टको कार्यालयमा कार्यालय समय वा फोन नम्वर ९७०५१९७०५१ मा वा आफैं/प्रतिनिधि आई जानकारी लिन सकिनेछ।
१४) प्रस्तुत जमिनमा कुनै पनि प्रकारका वित्तिय संस्था, बैक, सहकारी वा अन्य निकायमा रोक्का नभएको हुनुपर्नेछ।

**प्रस्ताव पेश गर्ने ठेगाना**
**विनयतारा क्यान्सर टष्ट्र**
(मुनाफा वितरण नगर्ने कम्पनी)
धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं. २५, लोहना, धनुषा
Email: proposal@binaytara.org

---

**Ishworpur Municipality**
**Office of Municipal Executive**
**Ishworpur, Sarlahi**
**Madhesh Province, Nepal**

## Invitation for Online Bids

**First Date of publication : 2082/10/29 (12 February 2026)**

1. Ishworpur Municipality, Office of Municipal Executive, Ishworpur Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding.
2. Eligible Bidders may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp** for applying and can visit https://ishworpurmun.gov.np/ for detailed Notice regarding this bid.
3. The details of project are as following:

| S. N. | Contract No. | Description Of Work | Bid Security Amount (Nrs.) | Bid Validity Period | Bid Document Cost (Nrs.) | Last Date and Time of Bid Submission | Estimated Cost (With VAT and PS) |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/BW/ 28/082/083 | Construction work of Butcher Building Block-A, Block -B & Block-C | 9,00,000.00 | 90 Days | 5,000.00 | 15 March 2026, 12:00 Noon | Single Stage Double Envelope |
| 2. | NCB/BW/ 29/082/083 | Construction of Hospital Building of Ishworpur | 8,60,000.00 | 90 Days | 5,000.00 | 15 March 2026, 12:00 Noon | Single Stage Double Envelope |

4. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.
5. Bidders are advised to submit the documents required for the submission of bid compulsorily as asked in bid document in proper formats. Failure to do so may result in rejection of the bid.

**Chief Administrative Officer**

---

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**काठमाण्डौ उपत्यका विकास प्राधिकरण**
**जिल्ला आयुक्तको कार्यालय**
**मानभवन, ललितपुर**

## बोलपत्र छनौट गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२९**

यस कार्यालयबाट मिति २०८२/०५/१५ हिमालय टाइम्स दैनिकमा प्रकाशित सूचना अनुसार **EGP** मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्रदाता छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अङ्क (भ्याट र पि एस बाहेक) |
|---|---|---|---|
| १. | KVDA/LALITPUR/WORKS/082/83-01 | M/S Jay Ganesh-Safeway-Dibya Darshan | ३,२५,४५,५०४.७० |
| २. | KVDA/LALITPUR/WORKS/082/83-02 | M/S Adriya/Laligurans/R.G. J.V. | १,४३,५१,४९९.६० |

**जिल्ला आयुक्त**

---

(पृष्ठ ९ को बाँकी)

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।
**परीक्षा मितिः-** पछि प्रकाशन गरिने छ।
**परीक्षा केन्द्रः-** जनकपुरधाम।
**दरखास्त दस्तुरः-** सहायक चौथो तहको लागि रु.३००/- (तीन सय) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.१५०/-(एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ।
**दरखास्त दिने अन्तिम मितिः-** २०८२/११/२० र दोब्बर दस्तुर तिरी २०८२/११/२७ सम्म
**उम्मेदवारको उमेरको हदः-** २०८२/११/२० गतेसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" प्रारम्भ हुँदाका बखतसम्म अस्थायी सेवामा कम्तिमा दश वर्ष अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट स्वीकृत पहिलो वार्षिक कार्यतालिका बमोजिम सञ्चालन हुने खुला विज्ञापनको परीक्षामा एकपटकको लागि सामेल हुन उमेरको हदम्याद लाग्ने छैन।
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिनेछ।
Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ। Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।
Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।
**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८२/११/२७ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।
**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ। कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनःथप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।**
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।
**तलबः-** तोकिए बमोजिम।
**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय।

**स्थानीय सेवा खुला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**
स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।
१) **स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण।
२) **स्थानीय प्रशासन सेवा, लेखा समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण।
३) **स्थानीय इन्जि. सेवा, सिभिल समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिमा प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण।
४) **स्थानीय इन्जि. सेवा, सर्भे समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको। तर सम्बत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि ईन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा बहाल रहेको कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यून्तम शैक्षिक योग्यता मानिनेछ।
५) **स्थानीय इन्जि. सेवा, सिभिल समूह, स्यानिटरी उपसमुहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त।
६) **स्थानीय कृषि सेवा, ला.पो.डे.डे समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।
७) **स्थानीय कृषि सेवा, भेटेरिनरी समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।
८) **स्थानीय स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सङ्ग समूह** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण।
९) **स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण।
*नोटः मिति २०६९।८।२५ को राजपत्रमा प्रकाशित कृषि सेवाको लागि माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ।*
***नोटः ग्रेडिङ्ग पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेको हुनुपर्नेछ।***

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**
दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

**समावेशी तर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः**
समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूको हकमा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को "**दफा १०**" बमोजिम हुनेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

**खुला तथा समावेशी परीक्षाको लागि सूचनाः**
१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
३. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
४. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
५. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
६. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**द्रष्टव्यः**
क. स्थानीय स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरुमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।
ख. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।
ग. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
घ. समान तहमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ बमोजिम उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द हुनेछ।
ङ. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
च. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राखु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।
छ. दरखास्त दिने सिङ्गल दस्तुरको अन्तिम मिति (२०८२/११/२०) गते भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
ज. उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।
झ. उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।
ञ. विज्ञापन नम्बर र छनौट विषय फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग बाध्य हुने छैन।
ट. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ठ. पाठ्यक्रम आयोगको वेबसाइट ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिने छ।